# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ सङ्ख्या : ५ मिति : माघ ४, २०७७

## भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

**"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन)**

**कार्यविधि, २०७७**

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, उर्लाबारी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ मा संशोधनः** "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ ।

"(३) दफा (२) को उपदफा (२) अनुसारको समितिको सिफारिस प्राप्त भए पश्चात प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र प्रदानको निर्णय गर्नु पर्नेछ ।"

**३. "मूल कार्यविधि" को दफा २ मा संशोधनः** मूल कार्यविधिको दफा २ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ ।

"(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजत पत्र प्रमुख प्रशासकीय अधिकृतको निर्णय बमोजिम



उर्लाबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालयले अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजत पत्र प्रदान गर्नेछ ।

प्रमाणिकरण मितिः २०७७।०९।२९

आज्ञाले,
मुरारीप्रसाद घिमिरे
नि. प्रमुख प्रशासकीय अधिकृत

उर्लाबारी नगरपालिका